७५

ा

कमल गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ का सेवा र कार्यहरुको लागी स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनः

**सभाबाट स्वीकृत मितिः २०७५।०३।१३**

**प्रस्तावनाः**

कमल गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिमकमल गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्तनामर प्रारम्भः**

(१) यस ऐनको नाम “कमल गाउँपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५,६७,६१२,०००।–(अक्षेरुपी छपन्न करोड छयत्तर लाख बाह हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त कमल गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा

अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसूची१–**

(दफा २ संग सम्बन्धित(

नेपालको संविधानको धारा २२९ बमोजिम (२)

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शीर्षकको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | गाउँकार्यपालिका तर्फ चालु तर्फ | ४८,४००,०००।०० |
| २ | गाउँकार्यपालिका तर्फ पूँजीगत | २,२२,५१२,०००।०० |
| ३ | वडा स्तरीय कार्यक्रम तर्फ | ४५,०००,०००।०० |
| ४ | सशर्त अनुदान तर्फ | १५१७०००००।०० |
| ५ | सामाजिक सुरक्षा भत्ता | १,००,०००,०००।०० |
| ६ | कूल जम्मा | ५,६७,६१२,०००।०० |